नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# तराई मधेश समृद्धि कार्यक्रम

नयाँ बानेश्वर, काठमाडौं

प.सं :- २०७५/०७६
च.नं :- ७२

मिति :- २०७५/०७/०४

**बिषयः- तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ सम्बन्धमा ।**

श्री सम्बन्धित स्थानीय तहहरु (**झापा, मोरङ, सुनसरी, सप्तरी,सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी(बर्दघाट सुस्तापूर्व ), नवलपरासी (बर्दघाट सुस्तापश्चिम ), रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके, बर्दिया, कैलाली र कञ्चनपुर जिल्लाका सबै स्थानीय तहहरु**)

प्रस्तुत विषयमा तराई-मधेशका मानव विकास सुचकाङ्कमा तुलनात्मक रुपमा पछाडी परेका स्थानीय तहहरुमा भौतिक पूर्वाधार लगायत विकासका कार्यक्रमहरु एकीकृत रुपमा सञ्चालन गरी सघन रुपमा आर्थिक, सामाजिक रुपान्तरण गर्न एवं जनताको सार्वजनिक सेवामा पहुँच अभिबृद्धि तथा जीवनस्तरमा सुधार ल्याउने उद्देश्य अनुरुप नेपाल सरकार(मा.मन्त्रीस्तरीय)को मिति २०७५/०६/१५ गतेको निर्णय बमोजिम **तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५** स्वीकृती भएको व्यहोरा अनुरोध छ । उक्त कार्यविधी आवश्यक जानकारीका लागि यसै साथ संलग्न गरिएको छ । साथै स्वीकृत कार्यविधी अनुरुप कार्यक्रम कार्यान्वयनको प्रक्रिया तत्काल शुरु गरिने र सो का लागि उल्लेखित स्थानीय तहहरुबाट कार्यविधीको क्षेत्राधिकार भित्र रही कार्यक्रम सञ्चालनको क्षेत्र भित्रका आयोजना तथा कार्यक्रम माग तथा सिफारिशका लागि सार्वजनिक सूचना मार्फत जानकारी गराईने व्यहोरा समेत अनुरोध गरिन्छ ।

(रामहरि शर्मा)
कार्यक्रम निर्देशक

बोधार्थ :

श्री सूचना तथा प्रविधि शाखा (वेभ साइटमा राखिदिनु हुन)

फोन नं: ०१-४४८९५७७, फ्याक्स:-०१-४४६४९८१
E-mail:badp.mofald@gmail.com,Website:www.mofald.gov.np

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
तराई-मधेश समृद्धि कार्यक्रम
केन्द्रिय समन्वय इकाई
२०७५

# तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
तराई मधेश समृद्धि कार्यक्रम
केन्द्रीय समन्वय इकाई
नयाँ बानेश्वर, काठमाण्डौ

# तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५

**प्रस्तावना :** तराई-मधेशका मानव विकास सुचकाङ्कमा तुलनात्मक रुपमा पछाडी परेका स्थानीय तहहरुमा भौतिक पूर्वाधार लगायत विकासका कार्यक्रमहरु एकीकृत रुपमा सञ्चालन गरी सघन रुपमा आर्थिक, सामाजिक रुपान्तरण गर्न एवं जनताको सार्वजनिक सेवामा पहुँच अभिबृद्धि तथा जीवनस्तरमा सुधार ल्याउन तराई-मधेश समृद्धि कार्यक्रम मार्फत आवश्यक विकास कार्यक्रमहरुको तर्जुमा गरी सञ्चालन र व्यवस्थापन गर्न वाञ्छनीय भएकाले **सुशासन (व्यवस्थापन तथा सञ्चालन)** ऐन, २०६४ को दफा ४५ बमोजिम सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट **"तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५** लागू गरिएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"तराई-मधेश समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०७५"** रहेको छ ।यस कार्यक्रमलाई अंग्रेजीमा "Terai-Madesh Prosperity Programme, 2075" (TMPP)भनिनेछ ।

(२) यो कार्यविधितुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"अनुदान"** भन्नाले यस कार्यक्रम मार्फत उपलब्ध हुने सशर्त पूँजिगत अनुदानलाई सम्झनु पर्दछ ।

(ख) **"आयोजना"** भन्नाले तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनालाई सम्झनु पर्दछ ।

(ग) **"आयोजना छनौट समिति"** भन्नाले यस कार्यविधि बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(घ) **"उपभोक्ता समिति"** भन्नाले कार्यक्रम अन्तर्गत सञ्चालित आयोजनाबाट प्रत्यक्ष लाभ पाउने उपभोक्ताहरु सम्मिलित भई आयोजना निर्माण, कार्यान्वयन तथा व्यवस्थापन गर्न गठन भएको समितिलाई सम्झनु पर्दछ ।

(ङ) **"केन्द्रीय समन्वय इकाई"** भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अर्न्तगत रहने यस कार्यविधि बमोजिम गठन भएको इकाईलाई सम्झनु पर्दछ ।

(च) **"गैह्र सरकारी संस्था"** भन्नाले संस्था दर्ता ऐन, २०३४ तथा अन्य प्रचलित कानुन बमोजिम दर्ता भएका सोही प्रकृतिका संस्थालाई सम्झनु पर्दछ ।

(छ) **"मन्त्रालय"** भन्नाले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ज) **"सामुदायिक संस्था"** भन्नाले जनचेतना सम्बन्धी तालीम, अभिमुखीकरण, सीप विकास, बचत, कर्जा परिचालन, समावेशी विकास र सशक्तीकरण गर्ने उद्देश्यले कानून बमोजिम स्थापना भएका संस्थालाई सम्झनु पर्दछ ।

दिनेश कुमार थपलिया
सचिव

(झ) **"स्थानीय तह"** भन्नाले नेपालको संबिधान बमोजिम गठन भएका यो कार्यक्रम सञ्चालन हुने अनुसूचि-१ मा उल्लेखित महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका र गाउँपालिकालाई सम्झनु पर्दछ ।

**३. कार्यविधिका मुख्य उद्देश्यहरु :** यस कार्यविधिको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछन् :

(क) तराई मधेशका आर्थिक, सामाजिक रुपले पछाडि परेका वर्ग, समुदाय र भौगोलिक क्षेत्रको पहिचान गर्ने ।

(ख) कार्यक्रम सञ्चालन हुने भौगोलिक क्षेत्र किटान गर्ने ।

(ग) आयोजना तर्जुमा र प्राथमिकीकरणलाई सुनिश्चित गर्ने ।

(घ) बजेट निकासा र खर्चलाई पारदर्शी तथा बस्तुनिष्ठ बनाउने ।

(ङ) स्थानीय तहलाई उपलब्ध गराइने स्रोतलाई प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने आधार र प्रक्रियाबारे स्पष्टता कायम गर्ने ।

(च )आयोजना तर्जुमा र व्यवस्थापनलाई सरल, पारदर्शी र व्यवस्थित गरी आयोजना कार्यान्वनयलाई प्रभावकारी तथा उत्तरदायी बनाउने ।

(छ) अनुदान उपलब्ध गराउने आधार र प्रक्रिया स्पष्ट पार्ने ।

(ज) उपलब्ध स्रोतबाट अधिकतम लाभ हासिल गरी सार्वजनिक सेवामा जनताको पहुँच अभिवृद्धि गर्ने ।

(झ) पहिचान भएका वर्ग, समुदाय र क्षेत्रका जनताको जीवनस्तरमा सुधार ल्याई गरिवी न्यूनिकरणमा प्रत्यक्ष टेवा पुर्‍याउने कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ञ) कार्यक्रम कार्यान्वयनमा तादात्म्यता तथा एकरुपता ल्याउने ।

## परिच्छेद - २

## कार्य सञ्चालन गर्ने क्षेत्र र बजेटको व्यवस्था

**४. कार्यक्रमको कार्यक्षेत्र :** मानव विकासको सूचकाङ्क, न्यून तथा गरिबीको समग्र दर र गहनता उच्च रहेका अनुसूची-१ मा उल्लेख भए बमोजिमका तराई-मधेसका जिल्लाका छनौट भएका स्थानीय तहमा यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**५. लागत साझेदारी : (क)** कार्यक्रम सञ्चालन गर्नका लागि तराई-मधेश समृद्धि कार्यक्रमबाट अधिकतम् ९० प्रतिशत र स्थानीय तहबाट न्यूनतम् १० प्रतिशत लागत सहभागितामा आयोजना सञ्चालन गरिनेछ । बढी लागत साझेदारी गर्ने स्थानीय तहले माग गरेका आयोजनाहरुलाई विशेष प्राथामिकता दिईने छ । तर स्रोत अभावका कारणले लागत साझेदारी गर्न नसक्ने स्थानीय तहको हकमा मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ ।

(ख) उपभोक्ता समितिबाट सञ्चालन गरिने आयोजनाको हकमा स्वीकृत बजेटको कम्तीमा १० प्रतिशत उपभोक्ता समितिबाट लागत सहभागिता व्यहोर्नु पर्नेछ ।

... कुमार थपलिया

६. **बजेट सीमा उपलब्ध गराउने आधारहरु :** (क) कार्यक्रम लागू भएका स्थानीय तहहरुलाई स्वीकृत आयोजना कार्यान्वयनका लागि माग, आवश्यकता र औचित्यताको आधारमा न्यूनतम रु. ५० लाख तथा सो भन्दा वढी लागतका आयोजना कार्यक्रमहरुका लागि समेत थप अनुदान उपलब्ध हुने गरी बजेट सीमा निर्धारण गरिनेछ ।

**(ख)** कुनै स्थानीय तहमा विशेष प्रकृतिका आयोजना सञ्चालन गर्नुपर्ने अवस्था परेमा सम्वन्धित स्थानीय तहको जनसंख्या, क्षेत्रफल, मानव विकास सुचकाङ्क, मानव गरिवी सुचकाङ्क तथा आर्थिक सामाजिक रुपले पछाडी परेका वर्ग र समुदायको आवश्यकतालाई समेत आधार मानी मन्त्रालयले बजेट सीमा बृद्धि गर्न सक्नेछ । आवश्यकतानुसार कार्यक्रमहरु बहुवर्षीय पनि हुन सक्नेछन ।

**(ग)** स्थानीय तहले सम्बन्धित सभामा पेश गर्नु अगावै केन्द्रीय समन्वय इकाईले स्थानीय तहलाई बजेट सीमा उपलव्ध गराउनु पर्नेछ । सो अनुरुप लागत सझेदारीका लागि स्थानीय तहले आवश्यक बजेट व्यवस्था गर्नुपर्नेछ ।

७. **कार्यक्रम सञ्चालनका क्षेत्रहरु :** (१) भौतिक पूर्वाधार विकास निर्माण मार्फत सार्वजनिक सेवामा पहुँच अभिबृद्धि तथा आर्थिक, समाजिक, रुपले पछाडी परेका बर्ग र समुदायको जीवनस्तरमा सुधार गर्न अनुदान उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त हुने अनुदान देहायका क्षेत्रका आयोजना तथा कार्यक्रम सञ्चालन गर्न प्रयोग गर्नु पर्नेछ ।

क. **सामुहिक आवास भवन :** यस कार्यक्रम अन्तरगत स्थानीय तहले व्यवस्थापन गरेको सार्वजनिक जग्गामा सामुहिक आवास भवन निर्माण गर्न सकिनेछ । भवनहरु निर्माण पश्चात् स्थानीय तहले निर्धारण गरे बमोजिम अति विपन्न परिवारलाई आवासको रुपमा न्यूनतम भाडामा वा आवश्यकतानुसार निश्चित अवधि तोकि निःशुल्क उपलव्ध गराउनु पर्नेछ । भवन तथा कोठा प्राप्त गर्ने व्यक्तिले बेचविखन वा हक हस्तान्तरण गर्न पाईने छैन । सामुहिक आवास भवनको स्वामित्व,सुरक्ष तथा व्यवस्थापनको जिम्मेवारी सम्वन्धित स्थानीय तहमा हुनेछ ।

ख. **सामुदायिक पूर्वाधार :** सामुदायिक भवन, विद्यालय भवन निर्माण, प्रसुति सेवा केन्द्र (Birthing Center), स्वास्थ्य चौकी भवन, बाल विकास केन्द्र भवन निर्माण कार्यक्रमहरु ।

ग. **सडक :** देहायको प्राथमिकताक्रमको आधारमा छनौट भएका कालोपत्रे सडक (ग्राभेल नभएकोमा सो समेत), पिसिसी वा आरसिसी ढलान, कल्भर्ट, साना पुल पुलेसा, कजवे, टेवा पर्खाल, साना झोलुङ्गे पुल निर्माण तथा सम्भार लगायतका कार्यक्रमहरु ।

- वडा केन्द्रलाई स्थानीय तहको केन्द्रसँग जोड्ने ।
- दुई वा दुईभन्दा बढी वडाकेन्द्रहरु जोड्ने ।
- स्थानीय तहभित्रका वस्ती, बिद्यालय, स्वास्थ्य चौकीहरु र बजार केन्द्रहरु जोड्ने।
- तराईका टोल बस्तीलाई हुलाकी सडक वा अन्य राजमार्गसँग जोड्ने ।

तर,

सडकको नयाँ ट्र्याक खोल्न, माटोजन्य कार्य वा ग्राभेलका लागि मात्र यस कार्यक्रमको रकमबाट खर्च व्यहोरिने छैन ।

घ. **कृषि विकास :** खाद्य तथा फलफूल प्रशोधन, जैविक कृषि व्यवसाय, कृषि उपजको संकलन तथा विक्री केन्द्र, हाटबजार केन्द्र निर्माण, डेरी उद्यम सञ्चालन र व्यवस्थापन आदि ।

ङ. **खानेपानी तथा सरसफाई :** धारा, पोखरी, इनार, ट्यूववेल जडान, ढल, सार्वजनिक शौचालय तथा ट्याङ्की निर्माण, पाइपलाइन जडान कार्यक्रमहरु ।

च. **सिँचाई तथा नदी नियन्त्रण :** उत्पादनमुलक सिँचाईको निर्माण (सौर्य सिँचाई प्रणाली समेत ) तथा नदी नियन्त्रण जस्ता कार्यक्रमहरु ।

छ. **उर्जा :** ग्रामीण विद्युतीकरण तथा वैकल्पिक उर्जा कार्यक्रमहरु ।

ज. **विपत न्यूनीकरण पूर्वाधार** : पोखरी तथा जलाशय निर्माण ।

तर यसरी कार्यक्रम सञ्चालन गर्दा अन्य निकायबाट सञ्चालित समान प्रकृतिका कार्यक्रमसँग दोहोरो नहुने गरी सञ्चालन गर्नुपर्नेछ ।

## परिच्छेद - ३
## आयोजना सञ्चालन तथा व्यवस्थापन

८. **आयोजना छनौट** : **(क)** स्थानीय तहले आवश्यकताको पहिचान गरी यस कार्यविधिको बजेट सीमाभित्र रही प्रस्तावित आयोजनाहरु अनुसूचि-२ बमोजिम केन्द्रमा माग एवं सिफारिश गर्नु पर्नेछ । निर्वाचित जनप्रतिनिधिहरु समेतको भावनाको प्रतिनिधित्व हुने गरी आवश्यक राय, सुझाव तथा सल्लाहका आधारमा स्थानीय तहबाट माग एवं सिफारिश भई आएका कार्यक्रमलाई आवश्यकतानुसार केन्द्रीय निर्देशन समितिले आयोजना स्वीकृतिको आधार लिन सकिनेछ ।

**(ख)** खण्ड 'क' अनुसार माग एवं सिफारिश भई आएका आयोजनाहरु मध्येबाट केन्द्रमा रहेको आयोजना छनौट समितिबाट छनौट गरी केन्द्रीय निर्देशन समितिबाट स्वीकृत भए पश्चात स्थानीय तहमा अनुदान उपलब्ध गराई कार्यान्वयन गरिनेछ ।

**(ग)** आयोजना छनौट गर्दा अघिल्लो आर्थिक बर्षको आयोजना कार्यान्वयनको अवस्था, बजेट खर्चको अवस्था र त्यसवाट लाभान्वित समुदाय वा बर्गमा परेको प्रभाव समेतलाई आधार लिईनेछ ।

(घ) स्थानीय तहले आयोजना माग एवं सिफारिश गर्दा प्रति रु. २५ लाख भन्दा कम लागत भएका आयोजना माग गर्न पाईने छैन । आयोजना छनौट गर्दा अधिकतम लागत मूल्यका दीर्घकालीन प्रभाव पर्ने र स्थानीय तहको अधिकतम नगद लागत सहभागिताको सुनिश्चितता भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

(ङ) दुई वा सो भन्दा वढी स्थानीय तहका सिमानासंग जोडिएका आयोजना तथा कार्यक्रमहरुको छनौट, कार्यान्वन तथा व्यवस्थापन सम्बन्धमा केन्द्रीय निर्देशन समितिको निर्णयानुसार हुनेछ ।

दिनेश कुमार थपलिया
सचिव

९. **आयोजना सञ्चालन तथा व्यवस्थापन प्रक्रिया :** आयोजना कार्यान्वयन तथा व्यवस्थापन गर्दा देहाय बमोजिम गरिनेछ ।

(क) कार्यक्रम लागु हुने स्थानीय तहले प्रत्येक वर्ष बैशाख मसान्तसम्म यस कार्यक्रम अर्न्तगत सञ्चालन गरिने सम्भावित आयोजनाहरुको प्रस्ताव केन्द्रीय समन्वय इकाईमा पेश गर्ने ।

(ख) आयोजना छनौट समितिले स्थानीय तह/जनप्रतिनिधिहरुबाट माग सिफारिस भई आएका आयोजना/कार्यक्रमहरु जेष्ठ मसान्त भित्र छनौट गरी केन्द्रीय निर्देशन समितिबाट स्वीकृत भए पश्चात् सो को विवरण स्थानीय तहमा उपलव्ध गराउने ।

(ग) छनौट भएका आयोजनाहरु सम्बन्धित स्थानीय तहको सभाबाट बजेट तथा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गर्ने ।

(घ) सम्बन्धित स्थानीय तहले आयोजना कार्यान्वयन तथा व्यवस्थापन गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

तर,

चालु आ.व.०७५/७६ को हकमा उपदफा 'क', 'ख' **र** 'ग' बमोजिमको प्रक्रियाको सम्बन्धमा केन्द्रीय निर्देशन समितिको निर्णय बमोजिम हुनेछ ।

१०. **आयोजनाको अनुगमन तथा मुल्याङ्कन** : आयोजनाको अनुगमन तथा मूल्याङ्कन देहाय बमोजिम हुनेछ:-

(क) स्थानीय तहको अनुगमन समितिले आयोजनाको नियमित अनुगमन तथा मुल्याङ्कन गर्नेछ ।

(ख) सम्बन्धित स्थानीय तहले यो निर्देशिका बमोजिम सञ्चालित कार्यक्रमहरुको मासिक/चौमासिक/बार्षिक प्रगति प्रतिवेदन अनुसूचि-३ बमोजिम केन्द्रीय समन्वय इकाईमा नियमित रुपमा पठाउनु पर्नेछ ।

(ग) केन्द्रीय समन्वय ईकाइले यस कार्यविधि अनुरुप कार्यक्रमहरुको नियमित अनुगमन मुल्याङ्कन गर्नेछ ।

## परिच्छेद - ४
## आर्थिक व्यवस्थापन

११. **वित्तीय स्रोत परिचालन तथा खर्च व्यवस्थापनः**

(क) कार्यक्रम कार्यान्वयन गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सम्वन्धित स्थानीय तहलाई अनुदान उपलब्ध गराउनेछ ।

(ख) स्थानीय तहले सार्वजनिक खरिद ऐन तथा अन्य प्रचलित कानून बमोजिम खर्च व्यवस्थापन गर्नु पर्नेछ ।

(ग) कार्य सम्पादनको आधारमा सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा बढीमा ३ किस्तामा रकम निकासा दिने व्यवस्था गरिनेछ ।

दिनेश कुमार
सचिव ५

(घ) स्थानीय तहले प्रचलित कानून बमोजिम छुट्टै खर्च खाता मार्फत कार्यक्रमको लेखांकन गर्ने, खर्चको लेखा राख्ने, कार्यक्रमको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

१२. **कन्टिन्जेन्सी रकमः** (१) आयोजना कार्यान्वयनका आधारमा भुक्तानी हुने कुल लागतको बढीमा दुई प्रतिशतले हुन आउने रकम आयोजना कार्यान्वयन गर्ने सम्बन्धित स्थानीय तहले कन्टिन्जेन्सी बापत छुट्याउन सक्नेछ ।

(२) स्थानीय तहले उपदफा (१) बमोजिमको कन्टिन्जेन्सी रकम आयोजना सुपरिबेक्षण/अनुगमन र मुल्याङ्कन लगायतका व्यवस्थापकीय कार्य प्रयोजनका लागि मात्र खर्च गर्न सक्नेछ ।

१३. **खर्चमा बन्देज :** कार्यक्रम अन्तर्गत स्थानीय तहलाई प्राप्त हुने अनुदान रकमबाट देहाय बमोजिमको क्षेत्र वा कार्यमा विनियोजन गर्न पाइने छैन :-

(क) कुनै पनि प्रकारको तलब भत्ता एवं कर्मचारी एवं राजनैतिक पदाधिकारी वा व्यक्तिको पारिश्रमिक तथा कर्मचारी सेवा निवृत्त हुँदा दिइने सुविधा सम्बन्धी खर्चहरू ।

(ख) सवारी साधन मर्मत सम्भार र इन्धन खर्च ।

(ग) घरभाडा, बिजुली, टेलिफोन, पानीको महशुल लगायत कार्यालय सञ्चालन सम्बन्धी खर्चहरू ।

(घ) राजनैतिक दल तथा तिनका भातृ सङ्गठन, संघसंस्था वा व्यक्तिलाई कुनै किसिमको आर्थिक सहायता चन्दा, पुरस्कार प्रदान गर्न ।

(ङ) दामासाही वा भागबण्डाको हिसावले रकम बाँडफाँड गर्न ।

(च) स्थानीय तहको सभाबाट स्वीकृत नभएका कार्यक्रम वा आयोजनामा खर्च गर्न ।

## परिच्छेद - ५

## विविध

१४. **केन्द्रीय निर्देशन समिति** : (१) कार्यक्रमको उद्देश्य बमोजिम प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउन र आवश्यक समन्वय गर्न गराउन देहाय बमोजिमको केन्द्रीय निर्देशन समिति रहनेछ :

(क) सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -संयोजक

(ख) .सह-सचिव, अर्थ मन्त्रालय -सदस्य

(ग) सह-सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (योजना तथा बैदेशिक समन्वय महाशाखा) -सदस्य

(घ) महानिर्देशक, स्थानीय पूर्वाधार विभाग - सदस्य

(ङ) कार्यक्रम निर्देशक, तराई-मधेश समृद्धि कार्यक्रम -सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकतानुसार बस्नेछ । साथै समितिको बैठकमा संयोजकले आवश्यकतानुसार विषयगत मन्त्रालयका प्रतिनिधि, अन्य कुनै पदाधिकारी वा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

१५. **केन्द्रीय निर्देशन समितिको काम, कर्तव्य र अधिकार :** (१) केन्द्रीय निर्देशन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आयोजना छनौट समितिबाट छनौट भएका आयोजनालाई स्वीकृति दिने ।

(ख) कार्यक्रमको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा आवश्यक मार्गदर्शन प्रदान गर्ने ।

(ग) कार्यक्रमको उद्देश्यहरु परिपूर्तिका लागि आवश्यक पर्ने स्रोतहरुको आँकलन तथा व्यवस्थापन गर्ने ।

(घ) कार्यक्रमको लागि केन्द्रीय तहबाट गर्नुपर्ने समन्वय तथा कार्यान्वयनमा एकरुपता एवं सहजीकरण गर्ने ।

(ङ) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि सरोकारावालाहरु बीच आवश्यक समन्वय गर्ने गराउने ।

(च) कार्यक्रमको अनुगमन प्रतिवेदन र समीक्षाको आधारमा सुधारगर्न आवश्यक सुझाव दिने ।

१६. **आयोजना छनौट समिति :** (१) यस कार्यक्रमको लागि स्थानीय तहबाट माग भई आएका आयोजनाहरु छनौट गर्नका लागि देहाय बमोजिमको एक आयोजना छनौट समिति रहनेछ :

(क) सह-सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, (योजना तथा बैदेशिक समन्वय महाशाखा) - संयोजक

(ख) उप-सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २ जना -सदस्य

(ग) सि.डि.ई, स्थानीय पूर्वाधार व्यवस्थापन विभाग -सदस्य

(घ) कार्यक्रम निर्देशक, तराई-मधेश समृद्धि कार्यक्रम -सदस्य-सचिव

(२) समितिको बैठक आवश्यकतानुसार बस्नेछ । साथै समितिको बैठकमा संयोजकले आवश्यकतानुसार अन्य मन्त्रालयका प्रतिनिधि, अन्य कुनै पदाधिकारी वा विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

१७. **आयोजना छनौट समितिको काम, कर्तव्य र अधिकार :**

१) स्थानीय तहबाट माग भई आएका आयोजनाहरुको विवरण तयार गर्ने ।

२) माग भई आएका आयोजनाहरु मध्ये रु.२५ लाख वा सो भन्दा वढी लागतका अयोजनाहरु मात्र कार्यविधि बमोजिम छनौट गर्ने ।

३) गरिवी, समावेशिता, पिछडिएको क्षेत्र, जलवायु परिवर्तनका असर न्यूनिकरण जस्ता विषयलाई प्राथामिकता दिई छनौट गर्ने ।

दिनेश कुमार थपा
सचिव

४) स्थानीय तहबाट माग भई आएका आयोजनाहरुको आवश्यकतानुसार स्थलगत रुपमा निरीक्षण तथा रुजु (Verification) गर्ने ।

५) स्थानीय तहबाट माग भई आएका आयोजनाहरु दफा-६ मा तोकिएको मापडण्डका आधारमा उपरोक्तानुसार छनौट गरी केन्द्रीय निर्देशन समितिमा स्वीकृतिको लागि पेश गर्ने ।

१८. **केन्द्रीय समन्वय इकाई :** (१) कार्यक्रम समन्वय तथा सहजीकरण गर्ने मन्त्रालयमा एक तराई-मधेश समृद्धि कार्यक्रम, केन्द्रीय समन्वय इकाई रहने छ । उक्त इकाईको बजेट,जनशक्ति तथा अन्य व्यवस्थापकीय पक्षहरु मन्त्रालयले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको इकाईको प्रमुखको रुपमा एक कार्यक्रम-निर्देशक रहनेछ ।

(३) मन्त्रालयले तोकेको निजामती सेवाको प्रशासन सेवा, सामान्य प्रशासन समूहको रा.प.द्वितीय श्रेणीको अधिकृत कार्यक्रम निर्देशक हुनेछ ।

१९. **केन्द्रीय समन्वय इकाईको कार्यहरु :** केन्द्रीय समन्वय इकाईले देहाय बमोजिमका कार्यहरु समन्वयात्मक, नतिजामूखी र समयवद्ध रुपमा गर्ने गराउने छ :-

(क) कार्यक्रम सम्बन्धी वार्षिक बजेट तथा आयोजनाहरु तयार गर्ने ।

(ख) स्वीकृत कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि समन्वय तथा सहजीकरण गर्ने गराउने ।

(ग) केन्द्रीय निर्देशन समिति र आयोजना छनौट समितिको सचिवालयको समेत कार्य गर्ने ।

(घ) प्रशासनिक तथा व्यवस्थापकीय सहयोगका लागि कर्मचारी व्यवस्थापन गर्ने ।

(ङ) सम्बन्धित स्थानीय तहहरुबाट कार्यक्रमको प्रतिवेदन लिई एकीकृत प्रगति प्रतिवेदन तयार गर्ने र सम्बन्धित निकायमा पठाउने ।

(च) आवश्यकता अनुसार कार्यक्रमबाट सञ्चालित आयोजनाहरुको अनुगमन, निरीक्षण एवं सुझाब दिने ।

(छ) कार्यक्रमसँग सम्बन्धित विषयमा स्थानीय तहसँग समन्वय एवं सहजीकरण गर्ने ।

(ज) कार्यक्रमको नियमित अनुगमन, निरिक्षण गरी प्रतिबेदन तयार गर्ने तथा आवश्यक पृष्ठपोषण प्रदान गर्ने ।

(झ) कार्यक्रम कार्यान्वयनबाट प्राप्त पृष्ठपोषणका आधारमा प्रगति समीक्षा गर्ने र सुधारका लागि पेश गर्ने ।

(ञ) कार्यक्रमको आर्थिक प्रशासन सम्बन्धी विवरण तथा छुट्टै जिन्सी अभिलेखहरु राख्ने ।

(ट) कार्यक्रमलाई प्राप्त सम्पूर्ण श्रोत र साधनहरुको समूचित उपयोग हुने गरी नियन्त्रण सुनिश्चित गर्ने ।

(ठ) कार्यक्रम सञ्चालन तथा प्रगतिको आधारमा जनशक्ति विकासका लागि स्थानीय तहहरुमा कार्यरत कर्मचारीहरुलाई आवश्यक तालिम, गोष्ठी सञ्चालन गर्ने गराउने ।

(ड) यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

(ढ) केन्द्रीय समन्वय इकाई मातहतका प्राविधिक कर्मचारीलाई आवश्यक निर्देशन, समन्वय र सहजीकरण गर्ने ।

कुमार थर्पालया

२०. **बाधा अड्काउ फुकाउने अधिकार :** यो कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनको लागि मन्त्रालयले यस कार्यविधिमा आवश्यकतानुसार व्याख्या गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

२१. **खारेजी र बचाउ :** (१) सीमाक्षेत्र विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७४ खारेज गरिएको छ ।

(२) सीमाक्षेत्र विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७४ बमोजिम भए गरिएको कार्य यसै कार्यविधि बमोजिम भए गरिएको मानिनेछ ।

दिनेश कुमार थपालिया
सचिव

# अनुसूची-१

(कार्यविधिको दफा २ को खण्ड 'झ' संग सम्बन्धित)

## "तराई-मधेश समृद्धि कार्यक्रम" लागू हुने स्थानीय तहहरु

| सि.नं. | जिल्ला | सि.नं. | गाँउपालिका / नगरपालिका | वडा संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | झापा | १ | मेचीनगर नगरपालिका | १५ | १५ |
| | | २ | दमक नगरपालिका | १० | |
| | | ३ | कन्काई नगरपालिका | ९ | |
| | | ४ | भद्रपुर नगरपालिका | १० | |
| | | ५ | अर्जुनधारा नगरपालिका | ११ | |
| | | ६ | शिवसताक्षी नगरपालिका | ११ | |
| | | ७ | गौरादह नगरपालिका | ९ | |
| | | ८ | विर्तामोड नगरपालिका | १० | |
| | | ९ | कमल गाउँपालिका | ७ | |
| | | १० | गौरीगञ्ज गाउँपालिका | ६ | |
| | | ११ | बाह्रदशी गाँउपालिका | ७ | |
| | | १२ | झापा गाउँपालिका | ७ | |
| | | १३ | बुद्धशान्ति गाउँपालिका | ७ | |
| | | १४ | हल्दीबारी गाउँपालिका | ५ | |
| | | १५ | कचनकवल गाउँपालिका | ७ | |
| २ | मोरङ | १६ | विराटनगर महानगरपालिका | १९ | १७ |
| | | १७ | बेलबारी नगरपालिका | ११ | |
| | | १८ | लेटाङ्ग नगरपालिका | ९ | |
| | | १९ | पथरी शनिस्चरे नगरपालिका | १० | |
| | | २० | रंगेली नगरपालिका | ९ | |
| | | २१ | रतुवामाई नगरपालिका | १० | |
| | | २२ | सुनवर्षी नगरपालिका | ९ | |
| | | २३ | उर्लाबारी नगरपालिका | ९ | |
| | | २४ | सुन्दरहरैचा नगरपालिका | १२ | |
| | | २५ | बुढीगंगा गाउँपालिका | ७ | |
| | | २६ | धनपालथान गाउँपालिका | ७ | |
| | | २७ | ग्रामथान गाउँपालिका | ७ | |
| | | २८ | जहदा गाउँपालिका | ७ | |
| | | २९ | कानेपोखरी गाउँपालिका | ७ | |
| | | ३० | कटहरी गाउँपालिका | ७ | |
| | | ३१ | केराबारी गाउँपालिका | १० | |



दिनेश कुमार थपलिया
सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | | ३२ | मिक्लाजुङ गाउँपालिका | ९ | |
| ३ | सुनसरी | ३३ | इटहरी उपमहानगरपालिका | २० | १२ |
| | | ३४ | धरान उपमहानगरपालिका | २० | |
| | | ३५ | इनरुवा नगरपालिका | १० | |
| | | ३६ | दुहवी नगरपालिका | १२ | |
| | | ३७ | रामधुनी नगरपालिका | ९ | |
| | | ३८ | बराह नगरपालिका | ११ | |
| | | ३९ | देवानगञ्ज गाउँपालिका | ७ | |
| | | ४० | कोशी गाउँपालिका | ८ | |
| | | ४१ | गडी गाउँपालिका | ६ | |
| | | ४२ | बर्जु गाउँपालिका | ६ | |
| | | ४३ | भोक्राहा गाउँपालिका | ८ | |
| | | ४४ | हरिनगर गाउँपालिका | ७ | |
| ४ | सप्तरी | ४५ | राजविराज नगरपालिका | १६ | १८ |
| | | ४६ | कञ्चनरुप नगपालिका | १२ | |
| | | ४७ | डाक्नेश्वरी नगरपालिका | १० | |
| | | ४८ | बोदेबरसाईन नगरपालिका | १० | |
| | | ४९ | खड्क नगरपालिका | ११ | |
| | | ५० | शम्भुनाथ नगरपालिका | १२ | |
| | | ५१ | सुरुङ्गा नगरपालिका | ११ | |
| | | ५२ | हनुमाननगर कङ्कालीनी नगरपालिका | १४ | |
| | | ५३ | सप्तकोशी नगरपालिका | ११ | |
| | | ५४ | अग्नीसाइर कृष्णासवरन गाउँपालिका | ६ | |
| | | ५५ | छिन्नमस्ता गाउँपालिका | ७ | |
| | | ५६ | महादेव गाउँपालिका | ६ | |
| | | ५७ | तिरहुत गाउँपालिका | ५ | |
| | | ५८ | तिलाठी कोईलाडी गाउँपालिका | ८ | |
| | | ५९ | रुपनी गाउँपालिका | ६ | |
| | | ६० | बेल्ही चपेना गाउँपालिका | ६ | |
| | | ६१ | विष्णुपुरगाउँपालिका | ४ | |
| | | ६२ | बलान-विहुल गाउँपालिका | ६ | |
| ५ | सिराहा | ६३ | लहान नगरपालिका | २४ | १७ |
| | | ६४ | धनगढीमाई नगरपालिका | १४ | |
| | | ६५ | सिरहा नगपालिका | २२ | |
| | | ६६ | गोलबजार नगरपालिका | १३ | |
| | | ६७ | मिचैया नगरपालिका | १२ | |
| | | ६८ | कल्याणपुर नगरपालिका | १२ | |
| | | ६९ | कर्जन्हा गाउँपालिका | ११ | |
| | | ७० | सुखीपुर नगरपालिका | १० | |

दिनेश कुमार थपलिया
सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | | ७१ | भगवानपुर गाउँपालिका | ५ | |
| | | ७२ | औरही गाउँपालिका | ५ | |
| | | ७३ | विष्णुपुर गाउँपालिका | ५ | |
| | | ७४ | बरियारपटी गाउँपालिका | ५ | |
| | | ७५ | लक्ष्मीपुर पतारी गाउँपालिका | ६ | |
| | | ७६ | नरहा गाउँपालिका | ५ | |
| | | ७७ | सखुवानन्कारकटी गाउँपालिका | ५ | |
| | | ७८ | अर्नमा गाउँपालिका | ५ | |
| | | ७९ | नवराजपुर गाउँपालिका | ५ | |
| ६ | धनुषा | ८० | जनकपुर उपमहानगरपालिका | २५ | १८ |
| | | ८१ | क्षिरेश्वरनाथ नगरपालिका | १० | |
| | | ८२ | गणेशमान चारनाथ नगरपालिका | ११ | |
| | | ८३ | धनुषाधाम नगरपालिका | ९ | |
| | | ८४ | कमला नगरपालिका | ९ | |
| | | ८५ | नगराइन नगरपालिका | ९ | |
| | | ८६ | विदेह नगरपालिका | ९ | |
| | | ८७ | मिथिला नगरपालिका | ११ | |
| | | ८८ | मिथिलाविहारी नगरपालिका | १० | |
| | | ८९ | शहीदनगर नगरपालिका | ९ | |
| | | ९० | सबैला नगरपालिका | १३ | |
| | | ९१ | हंसपुर नगरपालिका | ९ | |
| | | ९२ | औरही गाउँपालिका | ६ | |
| | | ९३ | जनकनन्दिनी गाउँपालिका | ६ | |
| | | ९४ | बटेश्वर गाउँपालिका | ५ | |
| | | ९५ | मुखियापट्टि मुसहरमिया गाउँपालिका | ६ | |
| | | ९६ | लक्ष्मीनिया गाउँपालिका | ७ | |
| | | ९७ | धनौजीगाउँपालिका | ५ | |
| ७ | महोत्तरी | ९८ | जलेश्वर नगरपालिका | १२ | १५ |
| | | ९९ | बर्दिबास नगरपालिका | १४ | |
| | | १०० | गौशाला नगरपालिका | १२ | |
| | | १०१ | बलवा नगरपालिका | ११ | |
| | | १०२ | लोहरपटी नगरपालिका | ९ | |
| | | १०३ | मनरा सिसवा नगरपालिका | १० | |
| | | १०४ | रामगोपालपुर नगरपालिका | ९ | |
| | | १०५ | औरही नगरपालिका | ९ | |
| | | १०६ | भँगाहा नगरपालिका | ९ | |
| | | १०७ | मटिहानी नगरपालिका | ९ | |
| | | १०८ | सोनमागाउँपालिका | ८ | |
| | | १०९ | सम्सी गाउँपालिका | ७ | |
| | | ११० | महोत्तरी गाउँपालिका | ६ | |

दिनेश कुमार थपलिया
सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | | १११ | पिपरा गाउँपालिका | ७ | |
| | | ११२ | एकडारा गाउँपालिका | ६ | |
| ८ | सर्लाही | ११३ | ईश्वरपुर नगरपालिका | १५ | २० |
| | | ११४ | मलङ्गवा नगरपालिका | १२ | |
| | | ११५ | लालवन्दी नगरपालिका | १७ | |
| | | ११६ | हरिपुर नगरपालिका | ९ | |
| | | ११७ | हरिपुर्वा नगरपालिका | ९ | |
| | | ११८ | हरिवन नगरपालिका | ११ | |
| | | ११९ | बरहथवा नगरपालिका | १८ | |
| | | १२० | बलरा नगरपालिका | ११ | |
| | | १२१ | गोडैटा नगरपालिका | १२ | |
| | | १२२ | बाग्मती नगरपालिका | १२ | |
| | | १२३ | कविलासीगाउँपालिका | १० | |
| | | १२४ | चक्रघट्टा गाउँपालिका | ९ | |
| | | १२५ | चन्द्रनगर गाउँपालिका | ७ | |
| | | १२६ | धनकौल गाउँपालिका | ७ | |
| | | १२७ | ब्रह्मपुरी गाउँपालिका | ७ | |
| | | १२८ | रामनगर गाउँपालिका | ७ | |
| | | १२९ | विष्णु गाउँपालिका | ८ | |
| | | १३० | बसबरीया गाउँपालिका | ६ | |
| | | १३१ | कौडेना गाउँपालिका | ७ | |
| | | १३२ | पर्सा गाउँपालिका | ६ | |
| ९ | रौतहट | १३३ | चन्द्रपुर नगरपालिका | १० | १८ |
| | | १३४ | गरुडा नगरपालिका | ९ | |
| | | १३५ | गौर नगरपालिका | ९ | |
| | | १३६ | बौधीमाई नगरपालिका | ९ | |
| | | १३७ | वृन्द्रावन नगरपालिका | ९ | |
| | | १३८ | देवाइ गोनाही नगरपालिका | ९ | |
| | | १३९ | गढीमाई नगरपालिका | ९ | |
| | | १४० | गजुरा नगरपालिका | ९ | |
| | | १४१ | कटहरीया नगरपालिका | ९ | |
| | | १४२ | माधवनारायण नगरपालिका | ९ | |
| | | १४३ | मौलापुर नगरपालिका | ९ | |
| | | १४४ | फतुवा विजयपुर नगरपालिका | ११ | |
| | | १४५ | ईशनाथ नगरपालिका | ९ | |
| | | १४६ | परोहा नगरपालिका | ९ | |
| | | १४७ | राजपुर नगरपालिका | ९ | |
| | | १४८ | राजदेवी नगरपालिका | ९ | |
| | | १४९ | यमुनामाई गाउँपालिका | ५ | |
| | | १५० | दुर्गाभगवती गाउँपालिका | ५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | बारा | १५१ | कलैया उपमहानगरपालिका | २७ | १६ |
| | | १५२ | जीतपुर सिमरा उपमहानगरपालिका | २४ | |
| | | १५३ | कोहोल्वी नगरपालिका | ११ | |
| | | १५४ | निजगढ नगरपालिका | १३ | |
| | | १५५ | महागढीमाई नगरपालिका | ११ | |
| | | १५६ | सिम्रौनगढ नगरपालिका | ११ | |
| | | १५७ | पचरौता नगरपालिका | ९ | |
| | | १५८ | परवानीपुर गाउँपालिका | ५ | |
| | | १५९ | प्रसौनी गाउँपालिका | ७ | |
| | | १६० | फेटा गाउँपालिका | ७ | |
| | | १६१ | आदर्श कोटवाल गाउँपालिका | ८ | |
| | | १६२ | करैयामाई गाँउँपालिका | ८ | |
| | | १६३ | देवताल गाउँपालिका | ७ | |
| | | १६४ | बारागढी गाउँपालिका | ६ | |
| | | १६५ | सुवर्ण गाउँपालिका | ८ | |
| | | १६६ | विश्रामपुर गाउँपालिका | ५ | |
| ११ | पर्सा | १६७ | विरगञ्ज महानगरपालिका | ३२ | १४ |
| | | १६८ | पोखरिया नगरपालिका | १० | |
| | | १६९ | बहुदुरमाई नगरपालिका | ९ | |
| | | १७० | पर्सागढी नगरपालिका | ९ | |
| | | १७१ | ठोरी गाउँपालिका | ५ | |
| | | १७२ | जगरनाथपुर गाउँपालिका | ६ | |
| | | १७३ | धोविनि गाउँपालिका | ५ | |
| | | १७४ | छिपहरमाई गाउँपालिका | ५ | |
| | | १७५ | पकाहा मैनपुर गाउँपालिका | ५ | |
| | | १७६ | बिन्दबासीनी गाउँपालिका | ५ | |
| | | १७७ | सखुवा प्रसौनी गाउँपालिका | ६ | |
| | | १७८ | पटेर्वा सुगौली गाउँपालिका | ५ | |
| | | १७९ | कालिकामाई गाउँपालिका | ५ | |
| | | १८० | जिराभवानी गाउँपालिका | ५ | |
| १२ | चितवन | १८१ | भरतपुर महानगरपालिका | २९ | ७ |
| | | १८२ | कालिका नगरपालिका | ११ | |
| | | १८३ | खैरहनी नगरपालिका | १३ | |
| | | १८४ | माडी नगरपालिका | ९ | |
| | | १८५ | रत्ननगर नगरपालिका | १६ | |
| | | १८६ | राप्ती नगरपालिका | १३ | |
| | | १८७ | ईच्छाकामना गाउँपालिका | ७ | |
| १३ | नवलपरासी( बर्दघाट सुस्ता | १८८ | कावासोती नगरपालिका | १७ | |
| | | १८९ | गैडाकोट नगपालिका | १८ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | पूर्व ) | १९० | देवचुली नगरपालिका | १७ | |
| | | १९१ | मध्यविन्दु नगरपालिका | १५ | |
| | | १९२ | बुङ्दीकाली गाउँपालिका | ६ | |
| | | १९३ | बुलिङटार गाउँपालिका | ६ | |
| | | १९४ | बिनयीत्रिबेणी गाउँपालिका | ७ | |
| | | १९५ | हुप्सेकोट गाउँपालिका | ६ | |
| १४ | नवलपरासी ( बर्दघाट सुस्ता पश्चिम ) | १९६ | बर्दघाट नगरपालिका | १६ | ७ |
| | | १९७ | रामग्राम नगरपालिका | १८ | |
| | | १९८ | सुनवल नगरपालिका | १३ | |
| | | १९९ | सुस्ता गाउँपालिका | ५ | |
| | | २०० | पाल्हीनन्दन गाउँपालिका | ६ | |
| | | २०१ | प्रतापपुर गाउँपालिका | ९ | |
| | | २०२ | सरावल गाउँपालिका | ७ | |
| १५ | रुपन्देही | २०३ | बुटवल उपमहानगरपालिका | १९ | १६ |
| | | २०४ | देवदह नगरपालिका | १२ | |
| | | २०५ | लुम्बिनी साँस्कृतिक नगरपालिका | १३ | |
| | | २०६ | सैनामैना नगरपालिका | ११ | |
| | | २०७ | सिद्धार्थनगर नगरपालिका | १३ | |
| | | २०८ | तिलोत्तमा नगरपालिका | १७ | |
| | | २०९ | गैडहवा गाउँपालिका | ९ | |
| | | २१० | कन्चन गाउँपालिका | ५ | |
| | | २११ | कोटहीमाई गाउँपालिका | ७ | |
| | | २१२ | मर्चवारी गाउँपालिका | ७ | |
| | | २१३ | मायादेवी गाउँपालिका | ८ | |
| | | २१४ | ओमसतिया गाउँपालिका | ६ | |
| | | २१५ | रोहीणी गाउँपालिका | ७ | |
| | | २१६ | सम्मरीमाई गाउँपालिका | ७ | |
| | | २१७ | सियारी गाउँपालिका | ७ | |
| | | २१८ | सुद्धोधन गाउँपालिका | ७ | |
| १६ | कपिलबस्तु | २१९ | कपिलवस्तु नगरपालिका | १२ | १० |
| | | २२० | बुद्धभूमि नगरपालिका | १० | |
| | | २२१ | शिवराज नगरपालिका | ११ | |
| | | २२२ | महाराजगञ्ज नगरपालिका | ११ | |
| | | २२३ | कृष्णनगर नगरपालिका | १२ | |
| | | २२४ | बाणगंगा नगरपालिका | ११ | |
| | | २२५ | मायादेवी गाउँपालिका | ८ | |
| | | २२६ | यसोधरा गाउँपालिका | ८ | |
| | | २२७ | शुद्धोधन गाउँपालिका | ६ | |
| | | २२८ | विजयनगर गाउँपालिका | ७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| [illegible] | दाङ्ग | २२९ | तुलसीपुर उपमहानगरपालिका | १९ | १० |
| | | २३० | घोराही उपमहानगरपालिका | १९ | |
| | | २३१ | लमहि नगरपालिका | ९ | |
| | | २३२ | बंगलाचुली गाउँपालिका | ८ | |
| | | २३३ | दंगीशरण गाँउँपालिका | ७ | |
| | | २३४ | गढवा गाँउपालिका | ८ | |
| | | २३५ | राजपुर गाउँपालिका | ७ | |
| | | २३६ | राप्ती गाउँपालिका | ९ | |
| | | २३७ | शान्तिनगर गाउँपालिका | ७ | |
| | | २३८ | बबई गाउँपालिका | ७ | |
| [illegible] | बाँके | २३९ | नेपालगञ्ज उपमहानगरपालिका | २३ | ८ |
| | | २४० | कोहलपुर नगरपालिका | १५ | |
| | | २४१ | नरैनापुर गाउँपालिका | ६ | |
| | | २४२ | राप्तीसोनारी गाउँपालिका | ९ | |
| | | २४३ | बैजनाथ गाउँपालिका | ८ | |
| | | २४४ | खजुरा गाउँपालिका | ८ | |
| | | २४५ | डुडुवा गाउँपालिका | ६ | |
| | | २४६ | जानकी गाउँपालिका | ६ | |
| [illegible] | बर्दिया | २४७ | गुलरिया नगरपालिका | १२ | ८ |
| | | २४८ | मधुवन नगरपालिका | ९ | |
| | | २४९ | राजापुर नगरपालिका | १० | |
| | | २५० | ठाकुरबाबा नगरपालिका | ९ | |
| | | २५१ | बाँसगढी नगरपालिका | ९ | |
| | | २५२ | बारबर्दिया नगरपालिका | ११ | |
| | | २५३ | बढैयाताल गाउँपालिका | ९ | |
| | | २५४ | गेरुवा गाउँपालिका | ६ | |
| [illegible] | कैलाली | २५५ | धनगढी उपमहानगरपालिका | १९ | १३ |
| | | २५६ | टिकापुर नगरपालिका | ९ | |
| | | २५७ | घोडाघोडी नगरपालिका | १२ | |
| | | २५८ | लम्किचुहा नगरपालिका | १० | |
| | | २५९ | भजनी नगरपालिका | ९ | |
| | | २६० | गोदावरी नगरपालिका | १२ | |
| | | २६१ | गौरीगंगा नगरपालिका | ११ | |
| | | २६२ | जानकी गाउँपालिका | ९ | |
| | | २६३ | बर्दगोरिया गाउँपालिका | ६ | |
| | | २६४ | मोहन्याल गाउँपालिका | ७ | |
| | | २६५ | कैलारी गाउँपालिका | ९ | |
| | | २६६ | जोसीपुर गाउँपालिका | ७ | |
| | | २६७ | चुरे गाउँपालिका | ६ | |
| [illegible] | कञ्चनपुर | २६८ | भिमदत्त नगरपालिका | १९ | ९ |

नेपाल सरकार तराई-मधेश समृद्धि कार्यक्रम कार्यान्वयन समिति तथा सामान्य प्रशासन मन्त्रालय केन्द्रिय इकाई २०७५

दिनेश कुमार थपलिया
सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| | | २६९ | पुर्नवास नगरपालिका | ११ | |
| | | २७० | वेदकोट नगरपालिका | १० | |
| | | २७१ | महाकाली नगरपालिका | १० | |
| | | २७२ | शुक्लाफाँटा नगरपालिका | १२ | |
| | | २७३ | बेलौरी नगरपालिका | १० | |
| | | २७४ | कृष्णपुर नगरपालिका | ९ | |
| | | २७५ | बेलडाँडी गाउँपालिका | ५ | |
| | | २७६ | लालझाँडी गाउँपालिका | ६ | |
| जम्मा वडा संख्या | | | | २६७१ | २७६ |

दिनेश कुमार थपलिया
सचिव

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
तराई-मधेश समृद्धि कार्यक्रम
केन्द्रिय समन्वय इकाई
२०७५

अनुसूची-२

कार्यविधिको को दफा-८ 'क' संग सम्बन्धित

आयोजना कार्यक्रम माग फारम

१ आ.व. :-

२ महानगर/उपमहानगर नगर/गाँउ पालिकाको नाम :-

३ जिल्ला :-

४ प्रदेश :-

५ कार्यपालिकाबाट सिफारिस मिति :-

| क.स | प्रस्तावित आयोजना/ कार्यक्रमको विवरण | कार्यक्रम सञ्चालन हुने स्थान (वडा नं.समेत ) | आयोजना क्षेत्र* | अनुमानित लागत | | आयोजना सम्पन्न हुन अवधि | आयोजनाबाट लाभान्वित जनसँख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | केन्द्रीय अनुदान | स्थानीय तहबाट बेहोरिने रकम (न्यूनतम १०%) | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |

*क्षेत्र भन्नाले (क) सामुहिक आवास भवन (ख)सामुदायिक पूर्वाधार (ग)सडक (घ)कृषि विकास (ङ)खानेपानी तथा सरसफाई (च)सिंचाई तथा नदी नियन्त्रण (छ)उर्जा (ज)विपत न्यूनीकरण पूर्वाधार बमोजिमको अर्थ उल्लेख गर्ने

माग एवं सिफारिस गर्नेको

नाम :-

दरखास्त:-

छाप:-

मिति:-

अनुसूची-३

कार्यविधिको दफा-१० को खण्ड 'ख' संग सम्वन्धित

..........मासिक/चौमासिक वार्षिक प्रगति प्रतिवेदन

१ आ.व :-

२ बजेट उपशिर्षक :

३ मन्त्रालय :- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

४ कार्यक्रमको नाम :- तराइ-मधेश समृद्ध कार्यक्रम

५ स्थानीय तह :-

६ आयोजना प्रमुखको नाम -

८ चालु आ.व को हाल सम्मको खर्च र प्रतिशत :-

९ स्वीकृत रकम :-

१० निकासा भएको रकम :-

११ प्राप्त हुने बाँकी रकम :

| क.स | सञ्चालित आयोजना कार्यक्रमको नाम | इकाई | श्रोत | | | | कर्यक्रम सञ्चालन प्रकृया | | | आयोजना | | वार्षिक लक्ष्य | | मासिक/चौमासिक वार्षिक प्रगति | | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | केन्द्रीय अनुदान | स्थानीय तह लागत साझेदारी | वैदेशिक अनुदान | अन्य | उपभोक्ता समिति | ठेक्का | अन्य | सम्झौता मिति | सम्पन्न मिति | भौतिक | वित्तिय | भौतिक | वित्तिय | | |
| | | | | | | | | | | | | | | | | | |
| १ | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | |

तयार गर्ने

पेश गर्ने

सदर गर्ने

दिनेश कुमा...
सचिव

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
नेपाल सरकार
तराई-मधेश समृद्धि कार्यक्रम
केन्द्रिय समन्वय इकाई
२०७५